# प्रेस विज्ञप्ति

मिति : २०८०/११/०६

**भ्रमपूर्ण समाचारको खण्डन सम्बन्धमा ।**

Bizmandu डिजिटल संचारमाध्यममा मिति २०८० फागुन ०३ गते "जहाज भाडा र जीएसए नियुक्तिका नाममा विदेश सयरः अध्यक्ष, सल्लाहकारदेखि सञ्चालक दम्पती भ्रमणमा" शिर्षकमा निगमसम्बन्धी भ्रामक सामाग्री प्रकाशित गरेकोमा (https://bizmandu.com/content/20240215221000.html) निगमको गम्भीर ध्यानाकर्षण भएको छ। विषयवस्तुको यथार्थ जानकारी विना अनुमानका आधारमा प्रकाशित उक्त भ्रम फैलाउने समाचार र प्रचारबाजी सम्बन्धमा खेद प्रकट गर्दै निगम सोको खण्डन गर्दछ ।

१. नेपाल वायुसेवा निगम व्यवसायिक संस्था भएकोले व्यवसाय विस्तार, उडान संख्या (Flight Frequency) विस्तार, कार्यालय अनुगमन, फ्लाइट क्याटरीङ्ग अनुगमन लगायतका कार्यहरु नियमित व्यवसायिक गतिविधी अन्तर्गत पर्ने भएकोले सोहि प्रयोजनको लागि निगमका कार्यकारी अध्यक्ष समेतको टोली जापान भ्रमणमा गएको विषयलाइ अतिरञ्जित गरी "जीएसए नियुक्तिका नाममा विदेश सयरः अध्यक्ष, सल्लाहकारदेखि सञ्चालक दम्पती भ्रमणमा" भनी भ्रामक प्रचार गरिएकोमा निगम आपत्ति जनाउँदछ ।

२. जापानमा निगमसम्बद्ध पुरानो कानूनी विषय सम्वन्धमा आवश्यक कानूनी उपचार र सम्वन्धीत निकायहरुसंग भेट तथा सरसल्लाहको लागि निगमको कानूनी सल्लाहकार जापान जानुभएको नियमित व्यवसायिक विषयलाइ अतिरञ्जित गरी प्रचार गरिएकोमा निगम आपत्ति जनाउँदछ ।

३. देशको पर्यटन प्रवर्द्धनमा समेत सशक्त उपस्थिती देखाई विदेशी पर्यटकहरुलाई समेत सेवा दिने उद्धेश्यले दुईवटा न्यारोवडी जहाज वेट लिज (Aircraft, crew, maintenance, insurance-ACMI) मा लिने प्रक्रिया पारदर्शी ढंगले गर्नको लागि तालुक मन्त्रालयको समेत सहमति लिइ सार्वजनिक खरिद ऐन, नियम बमोजिम मिति २०८० माघ २३ गते सार्वजनिक माध्यमबाट अन्तर्राष्ट्रिय बोलपत्र आह्वान भइसकेको र नियमित प्रक्रियामा गइसकेको विषयलाइ अनावस्यक भ्रम छर्ने उद्देश्यले प्रचार गरिएकोमा निगम गम्भिर रुपमा आपत्ति जनाउँदछ ।

४. मुलुकको हवाई क्षेत्रमा निगमले पुऱ्याउँदै आएको सेवा, विभिन्न विपद् तथा संकटमा राष्ट्रिय ध्वजावाहकको योगदान तथा मुलुकको पर्यटन प्रवर्द्धनमा खेल्दै आएको भूमिका महत्वपूर्ण विषय हो । उक्त कुरालाई मध्यनजर गर्दै निगमको वर्तमान व्यवस्थापनले राष्ट्रिय ध्वजावाहकको गुणात्मक सुधार र वजार विस्तारको लागि उल्लेखनीय कार्यहरु गर्दै आएको छ ।

५. Bizmandu डिजिटल संचारमाध्यममा यस भन्दा अगाडि पनि नेपाल वायुसेवा निगम सम्वन्धी भ्रामक र आधारहीन सामाग्री प्रकाशित गरिएको पाइएको र राष्ट्रिय ध्वजावाहक संस्थाको शाखमा आँच पुऱ्याउने प्रयत्न भएको बुझिएकोले नेपाल सरकारले विभिन्न समयमा जारी गरेको सञ्चार माध्यम र

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्सः ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np

नेपाल वायुसेवा

पत्रपत्रिकाहरुले पालना गर्नुपर्ने न्यूनतम् आचार संहिताको पालना नभएको हुँदा निगमले श्री नेपाल प्रेस काउन्सिल, तिलगंगा, काठमाडौंमा आवश्यक कानूनी कारवाहिको लागि समेत अनुरोध गरिसकेको छ ।

तसर्थ, निगमका सम्बन्धमा समाचार प्रकाशन गर्दा निगमको आधिकारिक धारणासहित सत्य र तथ्य राखिदिनुहुन र विषयवस्तुको यथार्थ जानकारी विना अनुमानका आधारमा तथ्य र प्रमाणले पुष्ट्याई हुन नसक्ने एवं भ्रमपूर्ण समाचारको पछि नलाग्न सबैमा अनुरोध छ ।

नेपाल वायुसेवा निगम कान्तिपथ, काठमाण्डौं, नेपाल

प्रवक्ता
नेपाल वायुसेवा निगम